**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१.भारतीय महिला क्रिकेट टीमले अन्ततः 52बर्षको लामो प्रतीक्षालाई अंत गर्दै प्रथम पटक वनडे वर्ल्ड कप जीतेर इतिहास रचेको छ।

२.राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमंत्री नरेंद्र मोदीले भारतीय महिला क्रिकेट टीमलाई विश्व कप जीतेकोमा बधाई दिनुभएको छ ।

३.प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा इमर्जिङ साइन्स एण्ड टेक्नोलोजी इनोभेसन समिट २०२५ को उद्घाटन गर्नुहुनेछ।

४.मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले बिहार विधानसभा चुनावको समयमा कुनै पनि हिंसा सहन नगरिने र मतदाताहरूले शान्तिपूर्ण र स्वतन्त्र रूपमा मतदान गर्न पाउने बताउनु भएको छ।

५.आकाशवाणी संगीत सम्मेलनको ६७ औं संस्करण हिजदेखि दिल्ली, मुम्बई र चेन्नईमा सुरु भएको छ।

**भारतले रचे इतिहास विश्व महिला क्रिकेट**

भारतीय महिला क्रिकेट टीमले अन्ततः 52बर्षको लामो प्रतीक्षालाई अंत गर्दै प्रथम पटक वनडे वर्ल्ड कप जीतेर इतिहास रचेको छ। हरमनप्रीत कौरको कप्तानीमा भारतले 2025 महिला विश्व कप फाइनलमा दक्षिण अफ्रीकालाई 52 रनले पराजित गरेर आफ्नो नाम स्वर्ण अक्षरहरुमा दर्ता गरेको छ।डीवाई पाटिल स्टेडियममा फाइनलमा टॉस हारेर पहिलो ब्याटिंग गर्दै भारतले 7 विकेटमा 298 रनको बलियो स्कोर खड़ा गरेका थिए। चोटिल प्रतिका रावलको स्थानमा टीममा शामेल भएकी शेफाली वर्माले 78 बलहरुमा 87 रनको दमदार पारी खेले , जिसमा सात चौका र दुई छक्का शामेल थिए। त्यहि दीप्ति शर्माले 58 बलमा 58 रन बनाएर उत्कृष्ट साथ निभाए।दक्षिण अफ्रीकाको लागि आयोबोंगा खाका सबैभन्दा सफल बलर रहिन , 299 रनको लक्ष्यलाई पछयाउदै दक्षिण अफ्रीकी टीमको शुरुआत डगमगाए पनि , कप्तान लौरा वोल्वार्ड्टले 98 बलहरुमा 101 रनको उत्कृष्ट शतकीय पारी खेलेर टीमलाई मैचमा बनाइँ राखे। यद्धपि भारतीय बलरहरुले तुरन्तै मैचको दिशा मोडेका थिए।भारतले महिला क्रिकेट विश्व कपमा प्रथम पटक खिताब जीतेका हुन्। टीम इंडिया यसभन्दा पहिले 2005 र 2017 को फाइनलसम्म पुगेका थिए। यस पटक कप्तान हरमनप्रीत कौरको टीमले इतिहास रचनमा महत्वपूर्ण भूमिका निभाएका छन्।

**राष्ट्रपति प्रधानमंत्री -महिला क्रिकेट बधाई**

राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमंत्री नरेंद्र मोदीले भारतीय महिला क्रिकेट टीमलाई विश्व कप जीतेकोमा बधाई दिनुभएको छ। राष्ट्रपतिले भारतीय टिमले आफ्नो प्रतिभा र प्रदर्शनका आधारमा परिणाम पाएको र यस ऐतिहासिक क्षणले महिला क्रिकेटलाई अझ नयाँ चरणमा पु¥याउने बताइन् भने ।श्री मोदीले एक सामाजिक सञ्जाल पोस्टमा 'फाइनलमा भारतको प्रदर्शन अद्भुत कौशल र आत्मविश्वासले भरिएको र , 'भारतीय टिमले प्रतियोगिताभरि असाधारण टिम वर्क र लगनशीलता देखाएको बताउनु भएको छ ।

**उपराष्ट्रपति-केरल दौरा**

उपराष्ट्रपति सी. पी. राधाकृष्णन आज दुई दिनको  केरल भ्रमणमा  तिरुवनंतपुरम पुग्नुहुनेछ । उपराष्ट्रपतिको पदभार ग्रहण गरेपछि यो राज्यको  उहाँको पहिलो भ्रमण हो । ब्योरा हाम्रो  संवाददाताबाट-

**प्रधानमन्त्री ESTIC**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा इमर्जिङ साइन्स एण्ड टेक्नोलोजी इनोभेसन समिट २०२५ को उद्घाटन गर्नुहुनेछ। उहाँले सम्मेलनलाई पनि सम्बोधन गर्नुहुनेछ।श्री मोदीले देशमा अनुसन्धान र विकास इकोसिस्टमलाई बढावा दिन ₹१ लाख करोडको अनुसन्धान, विकास र नवप्रवर्तन योजना कोषको सुरुवात गर्नुहुनेछ। यो योजनाले देशमा निजी क्षेत्र-संचालित अनुसन्धान र विकास इकोसिस्टमलाई बलियो बनाउने लक्ष्य राखेको छ।तीन दिने सम्मेलनमा नोबेल पुरस्कार विजेताहरू, अग्रणी वैज्ञानिकहरू, नवप्रवर्तकहरू र नीति निर्माताहरू सहित शिक्षाविद्, अनुसन्धान संस्थानहरू, उद्योग र सरकारका ३,००० भन्दा बढी सहभागीहरू सहभागी हुनेछन्। सम्मेलनले उन्नत सामग्री र उत्पादन, कृत्रिम बुद्धिमत्ता, जैविक उत्पादन, समुद्री अर्थतन्त्र, डिजिटल सञ्चार, इलेक्ट्रोनिक्स र अर्धचालक उत्पादन, नयाँ कृषि प्रविधिहरू, ऊर्जा, वातावरण र जलवायु, स्वास्थ्य र चिकित्सा प्रविधिहरू, क्वान्टम विज्ञान र प्रविधि, र अन्तरिक्ष प्रविधि जस्ता प्रमुख विषयहरूमा छलफल गर्नेछ।सम्मेलनले विज्ञान वार्ता, छलफल र विभिन्न प्रस्तुतीकरणहरू मार्फत अनुसन्धानकर्ताहरू, उद्योग र युवा नवप्रवर्तकहरू बीच सहकार्यको लागि एक प्लेटफर्म प्रदान गर्नेछ।

**उपराष्ट्रपति-इसरो प्रक्षेपण**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) र भारतीय नौसेनालाई बधाई दिँदै उपराष्ट्रपति सीपी राधाकृष्णनले  भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) लाई बधाई दिनु भएको छ । एक सामाजिक मिडिया पोस्टमा, उपराष्ट्रपतिले वर्णन गर्नु भयो कि कसरी भारतको शक्तिशाली एलभीएम 3-एम 5 रकेट जीस्याट-7 आर - सीएमएस-03 को सफल प्रक्षेपणको साथ एक पटक फेरि आकाशमा उडिरहेको छ। श्री राधाकृष्णनले जानकारी दिनुभयो कि यो अब जियोसिन्क्रोनस ट्रान्सफर अर्बिटमा स्थापित हुने नौसेनाको सबैभन्दा भारी र सबैभन्दा उन्नत संचार उपग्रह हो। उपराष्ट्रपतिले भन्नुभयो, स्वदेशी रूपमा विकसित यस उपग्रहले हिन्द महासागर क्षेत्रमा अन्तरिक्षमा आधारित सञ्चार, कनेक्टिभिटी र समुद्री डोमेन जागरूकतालाई सुदृढ पार्नेछ। उहाँले यसलाई आत्मनिर्भर भारतका लागि अर्को गौरवपूर्ण माइलस्टोन बताउनु हुदै इसरोले अन्तरिक्ष अन्वेषणमा उल्लेखनीय उपलब्धिहरू हासिल गरिरहेको बताउनु भएको छ ।

**प्रधान मन्त्री नरेन्द्र मोदी (उपग्रह सीएमएस-०३)बधाई**

प्रधान मन्त्री नरेन्द्र मोदीले भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन-इसरोलाई भारतको सबैभन्दा भारी सञ्चार उपग्रह सीएमएस-०३ को सफल प्रक्षेपणको लागि बधाई दिनुभएको छ। एक सामाजिक मिडिया पोस्टमा, श्री मोदीले कसरी अन्तरिक्ष क्षेत्र उत्कृष्टता र नवीनताको पर्याय बनेको छ भनेर प्रशंसा गर्नुभयो। उहाँले  देशका अन्तरिक्ष वैज्ञानिकहरूबाट प्रेरित यी सफलताहरूले राष्ट्रिय प्रगतिलाई अगाडि बढाएको र अनगिन्ती मानिसहरूलाई सशक्त बनाएको प्रकाश पार्नुभएको छ ।

**मुख्य निर्वाचन आयुक्त**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले बिहार विधानसभा चुनावको समयमा कुनै पनि हिंसा सहन नगरिने र मतदाताहरूले शान्तिपूर्ण र स्वतन्त्र रूपमा मतदान गर्न पाउने बताउनु भएको छ। मुख्य निर्वाचन आयुक्तले कानपुरमा संवाददाताहरूलाई भन्नुभयो, निर्वाचन आयोगले यस्ता परिस्थितिहरूलाई कडाइ सित सम्बोधन गर्नेछ। उहाँले, 'सबै मतदाताले शान्तिपूर्ण, स्वतन्त्र र पारदर्शी तरिकाले मतदान गर्न सक्ने बताउनु भयो । यसका लागि आयोग पूर्ण तयारीमा रहेको उहाँले बताउनु भयो ।

**GST सुधार - कृषि**

सेप्टेम्बर २२ मा सुरु भएको GST उत्सवको एक भागको रूपमा नरेन्द्र मोदी सरकारले लागू गरेको संशोधित GST दरहरूले देशभरीका धेरै क्षेत्रहरूमा मानिसहरूलाई फाइदा पुऱ्याइरहेको छ। आज, यस शृङ्खलामा, कृषि क्षेत्रमा नयाँ GST दरहरू किसानहरूका लागि कसरी लाभदायक साबित भइरहेका छन् भनेर अन्वेषण गरौं।एक रिपोर्ट

**आकाशवाणी संगीत सम्मेलन**

आकाशवाणी संगीत सम्मेलनको ६७ औं संस्करण हिज दिल्ली, मुम्बई र चेन्नईमा सुरु भयो। प्रसार भारतीद्वारा संस्कृति मन्त्रालयसँगको सहकार्यमा आयोजित यस कार्यक्रममा बाँसुरीवादक पंडित राकेश चौरसियाले नयाँ दिल्लीस्थित आकाशवाणी रंग भवनमा रंगारंग कार्यक्रम प्रस्तुत गर्नु भएको थियो। नन्देश उमपले मराठी लोक संगीत पनि प्रस्तुत गर्नुभयो भने, प्रसार भारतीका अध्यक्ष नवनीत कुमार सहगल र आकाशवाणीका महानिर्देशक राजीव कुमार जैन कार्यक्रममा उपस्थित हुनुहुन्थियो। कार्यक्रम नोभेम्बर २९ सम्म जारी रहनेछ। यस महिनाभरि चल्ने कार्यक्रममा दिल्ली सहित देशभरीका २४ शहरहरूमा शास्त्रीय संगीत प्रस्तुतिहरू आयोजना गरिनेछ, जसमा हिन्दुस्तानी, कर्नाटक र विभिन्न लोक संगीत प्रस्तुत गरिनेछ।सबै कन्सर्टहरू कुनै प्रवेश शुल्क बिना जनताका लागि खुला छन्। निमन्त्रणा पत्रहरू सम्बन्धित अल इन्डिया रेडियो स्टेशनहरूबाट पहिले आउनेलाई पहिलो सेवाको आधारमा प्राप्त गर्न सकिन्छ।

**"पब्लिक स्पीक"**

आकाशवाणीको समाचार सेवा प्रभागले ,आज राति साढे नौ बजे आफ्नो फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा बैंकिंग कानून संशोधन अधिनियम, 2025 अंतर्गत पहिलो नवंबरदेखि लागू महत्वपूर्ण परिवर्तनहरु बारेमा परिचर्चा प्रसारण गर्नेछ। भारतीय बैंकिंग र वित्त संस्थानका आंचलिक प्रमुख र वरिष्ठ बैंकिंग व्यवसायी प्रोफेसर नरेन्द्र कुमार भसीनले श्रोताहरुको प्रश्नहरुको उत्तर दिनुहुनेछ।श्रोताले स्टूडियोमा उपस्थित हाम्रो विशेषज्ञसित बैंकिंग कानूनमा संशोधनका विभिन्न पक्षहरुबारे प्रश्न सोध्न सक्नु हुनेछ। प्रश्न सोध्नका लागि हाम्रो टेलीफोन नंबर रहेको छ - 0 1 1 - 2 3 3 1 0 4 8 1, 0 1 1 - 2 3 7 1 7 1 1 7, 0 1 1 - 2 3 7 1 7 1 0 6 र 0 1 1 - 2 3 3 1 4 4 4 4. व्हाट्सएप नंबर 9 2 8 - 9 0 9 - 4 0 4 4 मा पनि प्रश्न सोध्न सक्नुहुनेछ।साथै श्रोताहरुले **हैशटैग आस्क-ए.आई.आर.** को साथ **एक्स** मा पनि आफ्नो प्रश्न पोस्ट गर्न सक्नु हुनेछ।

****** ० ******